मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १९० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन ९ गते शनिबार ❑ 25 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## गण्डकीमा राइड सेयरिङ वैधानिक कार्यान्वयन तर्फ

### साउन १५ भित्र इजाजत लिएर सुरक्षित र व्यवस्थित सेवा सञ्चालन गर्न आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

गण्डकी प्रदेशमा पहिलोपटक राइड सेयरिङ तथा सेल्फ ड्राइभ सेवालाई कानुनी मान्यता दिएसँगै सेवा प्रदायक कम्पनीहरू वैधानिक दर्ता प्रक्रियामा सहभागी हुन थालेका छन् । प्रदेश सरकारले सेवा सञ्चालनलाई व्यवस्थित, सुरक्षित र यात्रुमैत्री बनाउन आवश्यक कानुनी व्यवस्था कार्यान्वयनमा ल्याएको हो ।

हालसम्म पाँच वटा कम्पनी राइड सेयरिङ सेवा सञ्चालनका लागि पञ्जीकृत भएको यातायात व्यवस्था कार्यालय (सवारी) कास्कीले जनाएको छ । ती मध्ये सवारी सेवा नेपाल प्रा.लि., काठमाडौंले आवश्यक प्रक्रिया पूरा गरी सञ्चालन इजाजत प्राप्त गरेको कार्यालय प्रमुख ढाका प्रसाद शर्माले बताउनु भयो । कम्पनीले प्रारम्भिक चरणमा २० वटा स्कुटरमार्फत सेवा सञ्चालन गर्ने अनुमति लिएको उहाँले जनाउनु भयो । सजिलो नेपाल प्रा.लि., सवारी सेवा नेपाल प्रा.लि., इकोमो नेपाल प्रा.लि., जेम्स ग्रिन इलेक्ट्रो मोबिलिटी सर्भिस प्रा.लि. र मुभ इन नेपाल प्रा.लि. पञ्जीकृत भइसकेका छन्। अन्य कम्पनीहरू पनि अनलाइन एप विकास, आवश्यक कागजात तयारी तथा कानुनी प्रक्रिया पूरा गर्ने क्रममा रहेका छन् ।

प्रदेश सरकारले राइड सेयरिङ सेवा सञ्चालन गरिरहेका संस्था, कम्पनी तथा प्लेटफर्मलाई २०८३ साल साउन १५ गतेभित्र इजाजत लिन सार्वजनिक सूचना जारी गरिसकेको छ । तोकिएको अवधिभित्र अनुमति नलिई सेवा सञ्चालन गरेमा कानुनबमोजिम कारबाही गरीने शुक्रबार पोखरमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा प्रमुख शर्माले जनाउनु भयो ।

गण्डकी प्रदेश आर्थिक ऐन, २०८३ अनुसार इजाजतबिना सेवा सञ्चालन गरेमा एक लाख रुपैयाँ जरिवाना हुने र सोही कार्य दोहोरिएमा दोब्बर जरिवाना लाग्ने व्यवस्था छ । त्यसैगरी, सेवा प्रयोजन नथपी सेवा सञ्चालन गरेमा दुई पाङ्ग्रे सवारीका लागि ५ हजार रुपैयाँ र चार पाङ्ग्रे सवारीका लागि १० हजार रुपैयाँ जरिवाना लाग्ने व्यवस्था रहेको छ । निरन्तर अटेर गरेमा सेवा सञ्चालन नै बन्द गरिने प्रावधान पनि रहेको कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार हाल पञ्जीकृत भइसकेका कम्पनीलाई मात्र साउन १५ सम्मको समयसीमा लागू भएको हो । नयाँ कम्पनीले भने कानुनबमोजिम आवश्यक प्रक्रिया पूरा गरी जुनसुकै समयमा दर्ता तथा इजाजत लिन सक्नेछन् ।

राइड सेयरिङ तथा सेल्फ ड्राइभ सेवा सञ्चालनका लागि कम्पनीले आवश्यक कागजातसहित निवेदन दिनुका साथै प्रविधिमैत्री एप तयार गर्नुपर्ने व्यवस्था छ। आर्थिक ऐनअनुसार दुई पाङ्ग्रे सेवाका लागि २५ हजार रुपैयाँ, चार पाङ्ग्रे सेवाका लागि ५० हजार रुपैयाँ तथा दुवै सेवा सञ्चालनका लागि ७० हजार रुपैयाँ अनुमति शुल्क तोकिएको छ। त्यस्तै, प्रत्येक दुई पाङ्ग्रे सवारीको दर्ता शुल्क २ हजार ५ सय रुपैयाँ र चार पाङ्ग्रे सवारीको १० हजार रुपैयाँ निर्धारण गरिएको छ । सार्वजनिक ट्याक्सीका रूपमा सञ्चालन भइरहेका पुराना सवारी साधनलाई भने दर्ता शुल्कमा ५० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ।

नियमावलीअनुसार इजाजत प्राप्त गर्न कम्पनीसँग कम्तीमा २० वटा सवारी साधन हुनुपर्नेछ। नयाँ कम्पनीका लागि दुई पाङ्ग्रे सवारीको सङ्ख्यामा सीमा नरहे पनि चार पाङ्ग्रे सवारी भने प्रतिकम्पनी अधिकतम ३०० वटा सम्म मात्र दर्ता गर्न पाइनेछ। पुराना ट्याक्सीहरू राइड सेयरिङ एपमा आबद्ध हुँदा भने यो सीमा लागू हुने छैन ।

सेवाको गुणस्तर र सुरक्षालाई प्राथमिकतामा राख्दै प्रत्येक राइडरले एक समयमा एउटै कम्पनीमा मात्र आबद्ध हुन पाउने व्यवस्था गरिएको छ। दैनिक १२ घण्टाभन्दा बढी सवारी चलाउन नपाउने गरी एपमै प्रणाली विकास गर्नुपर्नेछ । दुई पाङ्ग्रे सेवामा चालकसँगै यात्रुले पनि हेल्मेट अनिवार्य रूपमा प्रयोग गर्नुपर्नेछ भने यात्रु, चालक र तेस्रो पक्षको बीमा अनिवार्य गरिएको छ । कार्यालय प्रमुख शर्माका अनुसार कम्पनीको एप, प्राविधिक क्षमता, नेपाली सर्भरमा डाटा सुरक्षा तथा अन्य प्राविधिक पक्षको परीक्षणपछि मात्र सञ्चालन अनुमति प्रदान गरिनेछ । नियमावली कार्यान्वयनको प्रभावकारी अनुगमनका लागि मन्त्रालयका सचिवको संयोजकत्वमा समिति गठन गरिएको छ भने यातायात व्यवस्था कार्यालय, ट्राफिक प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले नियमित अनुगमन गर्नेछ।

## अब कुनै बहानामा काम ढिलासुस्ती गर्ने कसैलाई छुट छैन: मन्त्री कार्की

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन



कृषि क्षेत्रमा देखिएका बिमा दाबी भुक्तानीका समस्या समाधान गर्न मन्त्रालय संवेदनशील रहेको भन्दै कृषिमा बिमा प्रणालीलाई थप प्रभावकारी र विश्वासिलो बनाउनुपर्नेमा जोड दिइएको छ।

साथै, किसानलाई बिमातर्फ आकर्षित गर्न सहजीकरण गर्ने, बिमा दाबी भुक्तानीलाई छिटोछरितो बनाउने तथा आवश्यक परे बिमा प्राधिकरणसँग समन्वय गरेर समस्या समाधान गर्ने मनालयले प्रतिबद्धता जनाइएको छ।

गण्डकी प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा बिहीबारदेखि सुरु भएको वार्षिक प्रगति समीक्षा कार्यक्रममा मन्त्रालयका नेतृत्वले कृषिमा बिमा अनिवार्य बनाउने विषयमा समेत नीति तहमा छलफल आवश्यक रहेको औंल्याएका छन् । त्यसैगरी, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री भिमबहादुर कार्की ले अब कुनै पनि बहानामा काम ढिलासुस्ती गर्ने छुट कसैलाई नहुने स्पष्ट निर्देशन दिएका छन्। उनले गत आर्थिक वर्षमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिका कारण अपेक्षित उपलब्धि हासिल गर्न नसकिएको स्वीकार गर्दै चालु आर्थिक वर्षमा सबै निकायले योजनाबद्ध, परिणाममुखी र जिम्मेवार ढंगले काम गर्नुपर्ने बताए । मन्त्री कार्कीले गत वर्ष विभिन्न आन्दोलन, निर्वाचन तथा अन्तर्राष्ट्रिय द्वन्द्वका कारण पेट्रोलियम पदार्थको आपूर्तिमा परेको असरले मन्त्रालय र मातहतका कार्यालयहरूको कार्यसम्पादन प्रभावित भएको उल्लेख गरे। तर अब ती कारण देखाएर काममा ढिलाइ गर्ने अवस्था नरहेको भन्दै सबै कार्यालयलाई समयमै लक्ष्य हासिल गर्न निर्देशन दिए ।

उनले कृषि क्षेत्रमा राज्यले सधैं अनुदान दिइरहन नसक्ने भएकाले किसान र कृषि व्यवसायीलाई आत्मनिर्भर र प्रतिस्पर्धी बनाउने कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्नेमा जोड दिए। सरकारले ल्याएका प्रोत्साहनमुखी योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नुपर्ने उनको भनाइ थियो। कार्यक्रममा बोल्दै मन्त्रालयकी सचिव डा.प्रेरणा सेढाई भट्टराई ले किसानहरूले बिमा प्राधिकरणमा किटानी जाहेरी दिँदासमेत समयमा रकम प्राप्त गर्न नसकेको, भुक्तानी प्रक्रियामा विभिन्न समस्या देखिएको गुनासो मन्त्रालयसम्म आइपुगेको बताइन्। ती समस्याको समाधानका लागि मन्त्रालय आवश्यक पहल गर्न तयार रहेको उनको भनाइ थियो ।

उनले अधिकांश जिल्लाबाट लिखित रूपमा गुनासो नआए पनि मौखिक रूपमा किसान तथा सरोकारवालाबाट बिमा सम्बन्धी समस्या बारम्बार उठिरहेको उल्लेख गर्दै मन्त्रालयले त्यसलाई समेत गम्भीर रूपमा लिएको जानकारी दिइन् ।

सचिव भट्टराईले नेपालले अझै पनि अर्बौं रुपैयाँ बराबरको खाद्यान्न, फलफूल तथा तरकारी आयात गरिरहेको उल्लेख गर्दै प्रत्येक प्रदेशले आफ्नै आवश्यकता पूरा गर्ने गरी कृषि उत्पादन बढाउनुपर्ने आवश्यकता औंल्याइन्। उत्पादन वृद्धि, व्यवसायिक खेती र किसानको जोखिम न्यूनीकरणका लागि प्रभावकारी बिमा प्रणाली अपरिहार्य रहेको उनको भनाइ थियो ।

मन्त्रालयमा सुरु भएको वार्षिक प्रगति समीक्षा कार्यक्रममा मातहतका २८ वटा निकाय ले आफ्नो वार्षिक प्रगति विवरण सार्वजनिक गरेका छन्। प्रस्तुत विवरणअनुसार अधिकांश कार्यालयले लक्ष्यअनुसार उल्लेखनीय प्रगति हासिल गर्न नसकेको देखिएको छ। समीक्षा कार्यक्रममार्फत कमजोरी पहिचान गर्दै आगामी वर्ष कार्यसम्पादनमा सुधार ल्याउने प्रतिबद्धता जनाइएको मन्त्रालयले जनाएको छ ।

## इतिहासको असल पक्षको अनुसरण गर्न सके मात्र वर्तमानलाई न्याय गर्न सकिन्छ: राष्ट्रपति पौडेल

**रासस**
काठमाडौं, ८ साउन

राष्ट्रपति रामचन्द्र पौडेलले पुर्खाले गरेको त्याग, बलिदान, साहस र वीरताका कारण आज नेपाली भइ शिर उँचो बनाएर गौरवका साथ उभिन सकेका बताउनुभएको छ ।

राष्ट्रिय विभूति भीमसेन थापाको २२५औं जन्मजयन्ती तथा पुरस्कार एवं सम्मान कार्यक्रमलाई आज सम्बोधन गर्दै राष्ट्रपति पौडेलले इतिहासको असल पक्षको अनुसरण गर्न सके मात्र वर्तमानलाई न्याय गर्न सक्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीले इतिहासको असल पक्षको अनुसरण गर्न सके मात्र वर्तमानलाई न्याय गर्न सक्छौं।मयसलेनैभविष्यनिर्माणको सुनौलो बाटो पनि तय गर्छ भन्ने ठान्दछु ।" राष्ट्रपति पौडेलले वीर पुर्खालेहाम्रोराष्ट्र,राष्ट्रियता,राष्ट्रिय अखण्डता एवं सार्वभौमसत्ताका लागि गरेको बलिदान र पुऱ्याएको योगदानस्तुत्यभएकोबताउनुभयो। उहाँले आपसी भाइचारा, मित्रता, सहिष्णुता र एकताको जगमा राष्ट्रिय एकतालाई मजबुत बनाउँदै राष्ट्रप्रेमप्रतिको अगाध आस्था तथा प्रतिबद्धतालाई किमार्थ विचलित हुन दिन नहुने स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "यही एकताको बलमा नै मुलुकलाई समृद्ध बनाउँदै भावी पुस्तामा राष्ट्रप्रेमको भावधारा जागृत गर्दै अघि बढ्नुपर्दछ। हामी सबै मिलेर भ्रष्टाचार, विकृति र विसङ्गति अन्त्य गरी सुशासनका माध्यमबाट देश विकासको कामलाई तीव्र बनाउन जुटौं । यही नै राष्ट्रिय विभूति भीमसेन थापासहित हाम्रा वीर पुर्खाप्रतिको सच्चा सम्मान हुनेछ ।" राष्ट्रपति पौडेलले बहुआयामिक व्यक्तित्वको छवि बनाउनुभएका भीमसेना थापा राष्ट्र, राष्ट्रियता, राष्ट्रिय अखण्डता र सार्वभौमसत्ता विरुद्ध कहिल्यै नझुकेको उल्लेख गर्दै देशभक्ति उहाँको मूलमन्त्र भएको बताउनुभयो । उहाँले भन्नुभयो, "अङ्ग्रेजसँग भएको युद्धमा ठूलो मूल्य चुकाउनुपरे पनि उहाँको राष्ट्रभक्तिकै अडानले नेपाल स्वतन्त्र रहन सक्यो ।"

थापा एक इमानदार र कुशल प्रशासक भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले आफ्नो शासनकालमा सामाजिक, आर्थिक, कानुनी, सेनाको आधुनिकीकरणलगायत क्षेत्रमा गर्नुभएको सुधारका कार्य प्रशंसनीय रहेको बताउनुभयो । कार्यक्रममा सीमाविद् बुद्धिनारायण श्रेष्ठलाई सम्मान गरिएको थियो ।

## पालिकाहरूको पुनरावलोकन सम्बन्धमा गठित कास्की

**रासस**
काठमाडौं, ८ साउन


गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धि मापदण्ड ,२०८३ अनुसार गठित कास्की जिल्लास्तरिय पुनरावलोकन अध्ययन समितिको छलफल कार्यक्रम सम्पन्न भएको छ ।

सुझाब संकलनका क्रममा दोश्रो चरण अन्तर्गत कास्कीबाट प्रतिनिधि सभा र गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसद तथा राजनीतिक दलहरूसंग छलफल तथा अन्तरक्रिया गरिएको हो । बैठकको अध्यक्षता गर्दै जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले कास्कीका पालिका र वडाका सन्दर्भमा नेपाल सरकारले प्रदान गरेको भुमिकालाई प्रभाबकारी रूपमा सम्पन्न गर्न बैठक आयोजना गरिएको भन्दै कास्कीका पाँच पालिका सहित समाजका अगुवा, राजनीतिक दल ,सामाजिक संघ संस्था र आम सर्बसाधारणको सुझाव समेटेर समिति अगाडी बढ्ने उल्लेख गर्नुभयो ।

नेपाल सरकार मन्त्री परिषदको निर्णय मुताबिक भुमी ब्यबस्था ,सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनको मिति २०८३ असार चार गते राजपत्रमा प्रकाशित सुचना बमोजिम पुनरावलोकन सम्बन्धि मापदण्ड अनुसार समितिले कार्य गर्नेछ पौडेलले उल्लेख गर्नुभयो ।

बैठकमा कास्कीवाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्य बिना गुरुङ,नेपाल सरकारका पूर्ब गृह मन्त्री समेत रहनुभएका प्रदेश सभा सदस्य खगराज अधिकारी,प्रदेश सभा सदस्य सरस्वति गुरुङ, राष्ट्रिय स्वतन्त्र पार्टी कास्कीका अध्यक्ष यदुनाथ अधिकारी, नेकपा( एमाले) कास्कीका अध्यक्ष बैन बहादुर अधिकारी क्षेत्री,नेपाली कांग्रेस कास्कीका सव्हिब भानु ढकाल, रा प्र पा कास्कीका सचिब भानु भण्डारी, राष्ट्रिय जनमोर्चा कास्कीका इन्चार्ज शंकर बराल सहितले बिगतमा कास्कीमा पालिकाको संख्या निर्धारण बैज्ञानिक र ब्यबहारिक नभएको भन्दै पालिकाको संख्या बढाउने

बाँकी अन्तिम पृष्ठमा ▶▶



# एक हजार १८० रोपनीमा फलफूलखेती विस्तार

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

गण्डकी प्रदेशमा फलफूल विकास आयोजनामार्फत प्रारम्भिक चरणमा एक हजार १८० हेक्टरमा फलफूलखेती सुरु गरिएको छ ।

भारतलगायत अन्य मुलुकबाट आयात हुने फलफूललाई प्रतिस्थापन गर्ने उद्देश्यले सन् २०२९ सम्म ३४ स्थानीयस्तरमा छ हजार १८० रोपनी जग्गामा सुन्तला, स्याउ, कागती, किबी, ओखर, एभोकाडो र मेकाडेमियालगायत फलफूलखेती विस्तार गरिने भएको हो । प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयअन्तर्गत आयोजना कार्यान्वयन एकाइका कृषि अर्थविज्ञ मनोज पौडेलले नवलपुरबाहेक १० जिल्लाका विभिन्न स्थानीय तहमा आयोजना सञ्चालन गरिने बताउनुभयो । नेपाल सरकार र एसियाली विकास बैंकको अनुदान सहयोग रहेको उक्त आयोजनाका लागि चालु आवमा रु ३० करोड बजेट विनियोजन भएको छ ।

मन्त्रालयका वरिष्ठ कृषि प्रसार अधिकृत गोविन्द पाण्डेले बताउनुभयो, “चालु आवका लागि प्रस्ताव मागको तयारी भइरहेको छ, छिट्टै सूचना प्रकाशन हुन्छ”, उहाँले भन्नुभयो, “समूह, सहकारी या कृषि फार्मले आवदेन दिन मिल्छ ।”

पहाडी भेगमा जग्गाको मापदण्ड धेरै हुँदा प्रस्ताव कम परेपछि न्यूनतम १० रोपनी कायम गर्नेगरी कार्यविधि परिमार्जनको तयारी भइरहेको बताइन्छ । यसअघि आयोजनामा समावेश हुन न्यूनतम २० रोपनी जग्गा चाहिने प्रावधान थियो । फलफूलखेतीका लागि बिउबिजन, सिँचाइ, यान्त्रिकीकरण आदिमा ५० प्रतिशत अनुदान दिने गरिएको छ । कार्यविधिअनुसार मापदण्ड पुऱ्याएर आउने कृषि समूह, सहकारी र कृषि फार्मले अनुदान पाउने गरेका छन् । क्षेत्रफल र फलफूल बालीअनुसार अनुदान फरकफरक रहेको मन्त्रालयले जनाएको छ । बागवानी क्षेत्र व्यवस्थापनसँगै किसानलाई व्यावसायिक फलफूलखेतीतर्फ आकर्षिक गर्न यस आयोजनाबाट टेवा पुग्ने विश्वास लिइएको छ ।



घान्द्रुकमा रहेको परम्परागत शैलीको घरः कास्कीको अन्नपूर्ण गाउँपालिकास्थित पर्यटकीय गाउँ घान्द्रुकमा रहेको परम्परागत शैलीको घर । पहाडे वास्तुकला झल्काउने यस्ता घर पछिल्लो समय लोप हुँदै गएका छन् । तस्बिरः राम थापा/रासस

# शैक्षिक परामर्श व्यवसायमाथि धरौटीको व्यवस्था कायमै रहन्छ : शिक्षामन्त्री

**रासस**
काठमाडौं, ८ साउन

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले शैक्षिक परामर्श व्यवसायीका लागि निर्धारण गरिएको रु २५ लाख धरौटीको व्यवस्थाबाट सरकार पछि नहट्ने बताउनुभएको छ ।

शिक्षासम्बन्धी विषयमा कलम चलाउने पत्रकारसँग आज सिंहदरबारस्थित मन्त्रालयमा छलफलका क्रममा मन्त्री पोखरेलले कतिपय व्यवासायीकै सुझावका आधारमा ‘शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा सञ्चालन तथा व्यवस्थापन नियमावली २०८३’ मार्फत गरिएको त्यस्तो व्यवस्था फिर्ता नहुने स्पष्ट गर्नुभएको हो ।

तीन प्रतिशत समता शिक्षा शुल्कमा सरकार पछि हटे जस्तै परामर्श व्यवसायका सम्बन्धमा पनि सरकार पछि हट्ने त होइन भन्ने पत्रकारको प्रश्नमा मन्त्री पोखरेलले त्यस्तो सोच नभएको बताउनुभएको हो । मन्त्री पोखरेलले विद्यालय शिक्षा ऐनजस्ता कानुन निर्माण गर्दा भने सरोकार भएका पक्षसँग पूर्वपरामर्श गरिने पनि उल्लेख गर्नुभयो । उहाँले विश्वविद्यायहरुलाई स्वायत्त र दलीय प्रभावमुक्त बनाउन नवनियुक्त उपकुलपतिहरूलाई आफ्नो सोचपत्रसहित अघि बढ्न आग्रह गरिएको जनाउनुभयो । नेपाल सरकारका प्रवक्ता पोखरेलले शैक्षिक संस्था र सरकारी कार्यालयमा सातामा दुई दिनका लागि दिइएको बिदाको पूर्ण उपयोग गर्न आग्रह गर्दै उक्त निर्णय पनि कुनै पुनः विचार नहुने बताउनुभयो ।

मन्त्री पोखरेलले चिकित्सक डा गोविन्द केसीले चलाएका अभियानप्रति आफू विगतदेखि नै पक्षधर रहेको उल्लेख गर्दै उहाँसँग अनौपचारिक संवाद भइरहेको बताउनुभयो । नेपाल सरकार, मन्त्रिपरिषद्को गत असार २४ गतेको निर्णय अनुसार नियमावली संशोधन भएको थियो ।

# पोखरामा ध्वनि प्रदूषण गर्ने ३३ मोटरसाइकल नियन्त्रणमा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

कास्की प्रहरीले सञ्चालन गरिरहेको ‘अप्रेसन ३६५’अन्तर्गत स्वरुप परिवर्तन गरी ध्वनि प्रदूषण गर्ने ३३ मोटरसाइकललाई पोखराका विभिन्न स्थानबाट नियन्त्रणमा लिई कारबाही प्रकृया अगाडि बढाइएको छ ।

जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय शिशुवा, वडा प्रहरी कार्यालय बैदाम, राम बजार र बगरबाट खटिएको प्रहरी टोलीले गएराति गरेको जेकजाँचका क्रममा ती मोटरसाइकल नियन्त्रणमा लिइएको हो । जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयले संयुक्त रूपमा सुरु गरेको ‘अप्रेसन ३६५’का क्रममा हालसम्म सात सय ७३ वटा सवारीसाधन र ३६ जना चालकलाई नियन्त्रणमा लिई कारबाही गरिएको जनाइएको छ ।

उक्त अप्रेसनका क्रममा समाजमा आतङ्क सिर्जना गर्ने र चेकजाँचका बेला प्रहरीसँग वादविवाद गर्ने सवारी चालकलाई नियन्त्रणमा लिई कारबाही गर्ने गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले बताउनुभयो ।

मोटरसाइकलका पार्टपूर्जाहरु फेरेर स्वरूप परिवर्तन गर्ने, साइलेन्सरबाट चर्को र पड्किने आवाज निकाल्ने, रातको समयमा ध्वनि प्रदूषण गर्ने, समाजको शान्ति सुव्यवस्था खलबलाउने जस्ता गतिविधि भइरहेको जनगुनासो बढेपछि प्रहरीले यस्ता गतिविधिलाई नियन्त्रणमा लिन गत वर्षदेखि ‘अप्रेसन ३६५’ सञ्चालन गरेको हो । प्रहरीले मोटरसाइकलमा होहल्ला गर्दै हिँड्ने, ध्वनि प्रदूषण गर्ने र स्वरूप परिवर्तन गरिएका मोटरसाइकल देखिएमा नजिकको प्रहरी कार्यालयमा खबर गर्ने अनुरोध गरेको छ । सूचना दिने व्यक्तिको गोपनीयता कायम राखिने जनाइएको छ ।

स्वीकृति नलिई सवारीसाधनको साइलेन्सर, सिट, रङ, स्वरूप, नम्बर प्लेट, लुकिङ ग्लास, सक, ह्याण्डल, इञ्जिन, चेसिसमा परिवर्तन गर्ने वा ध्वनि प्रदूषण हुने खालका पार्टपूर्जा जडान गरेमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम रु १५ हजारसम्म जरिवाना हुने व्यवस्था छ ।

# स्थानीय तह पुनरावलोकनलाई वैज्ञानिक र व्यावहारिक बनाउनुपर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

स्थानीय तहको सङ्ख्या तथा सिमाना हेरफेर व्यावहारिक र वैज्ञानिक हुनुपर्नेमा जोड दिइएको छ ।

कास्की जिल्लास्तरीय पुनरावलोकन अध्ययन समितिद्वारा शुक्रबार पोखरामा आयोजित छलफलका वक्ताहरूले कास्कीमा स्थानीय तहको सङ्ख्या बढाउनुपर्ने र सोका लागि सरकारले जारी गरेको मापदण्ड संशोधन गर्नुपर्ने बताउनुभएको छ । कास्कीमा हाल एक महानगरपालिकासहित पाँच स्थानीय तह छन् ।

स्थानीय तहको सङ्ख्या र सिमाना हेरफेर गर्दा बृहत् राजनीतिक सहमति चाहिने जनाइएको छ ।

पुनरावलोकन अध्ययन समितिका संयोजक तथा जिल्ला समन्वय समितिका प्रमुख लीलाधर पौडेलले जिल्लाका पाँच स्थानीय तहसहित समाजका अगुवा, राजनीतिक दल, सामाजिक सङ्घसंस्था र आम सर्वसाधारणको सुझाव समेटेर समिति अगाडि बढ्ने बताउनुभयो। वक्ताहरूले जनसङ्ख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोतसाधनको उपलब्धता, भाषिक, सांस्कृतिक तथा सामुदायिक बनोटका आधारमा स्थानीय तहको सङ्ख्या र सिमाना हेरफेर गर्नुपर्नेमा जोड दिनुभयो ।

छलफलमा कास्की-३ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य विना गुरुङ, प्रदेशसभा सदस्य खगराज अधिकारीसहित जनप्रतिनिधि, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिलगायतको सहभागिता रहेको थियो ।

सुझाव सङ्कलनका क्रममा समितिले सरोकारवालाहरूसँग विभिन्न चरणमा छलफल गर्दै आएको छ । पुनरावलोकनसम्बन्धी मापदण्डमा सिमाना हेरफेर गर्न सम्बन्धित स्थानीय तहमा तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाइ बहुमतले पारित गरेर प्रदेश सरकारमा सिफारिस गर्नुपर्ने र त्यसको १५ दिनभित्र प्रदेश सरकारले सङ्घ सरकारलाई सिफारिस गर्नुपर्ने व्यवस्था छ ।

# अब कुनै...

संबैधानिक र नीतिगत ब्यबस्थाको लागि आग्रह गर्नुभयो । उहाँहरूले कास्कीमा हालको पालिकाको संख्या बढाउनुपर्ने र सो को लागि नेपाल सरकारले जारी गरेको मापदण्ड नै संसोधन हुनुपर्ने भन्दै सर्बदलीय राजनीतिक सहमतिबाट यसको निकास खोज्नुपर्नेमा जोड दिनुभयो ।

निर्धारित मापदण्ड अनुसार पालिकाको संख्या र सिमाना हेरफेर वा एक आपसमा गाभिने प्रस्ताव गर्दा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा (३) को उपदफा दुई बमोजिम जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्बाधार बिकासको अबस्था आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता, भाषिक,साँस्कृतिक तथा सामुदायिक बनौटलाइ प्रमुख आधार बनाउनुपर्ने उल्लेख छ । त्यस्तै वडाको संख्या ,सिमाना र केन्द्र हेरफेर गर्ने वा वडाहरू एक आपसमा गाभिने प्रस्ताव गर्दा सो ऐनको दफा (५ )को उपदफा(३) बमोजिम जनसंख्या बितरणको अबस्था, भौगोलिक निरन्तरता, अनुकुलता तथा बिशिस्टता ,भाषिक, सान्स्कृतिक,तथा सामाजिक विशिष्टता, सेवा सुबिधा बितरणको अबस्था र बिद्यमान भौतिक पूर्बाधार लाई मुख्य आधार बनाउनुपर्ने उल्लेख छ । मापदण्ड बमोजिम सिमाना हेरफेर गर्न सम्बन्धित पालिकाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतले पारित गरेर प्रदेश सरकारमा सिफारिस गर्नुपर्ने र त्यसको १५ दिनभित्र प्रदेश सरकारले नेपाल सरकारमा सिफारिस गर्नुपर्ने उल्लेख छ । प्राप्त सुझाव र निर्णय मुताबिक केन्द्र र सिमाना नेपाल सरकारले निर्धारण गर्ने उल्लेख छ । मापदण्डमा स्थानिय सरकार संचालन ऐन २०७४को दफा ३,५,६,७,८ बमोजिम पुनरावलोकन हुन सक्ने उल्लेख छ ।

सो मापदण्ड बमोजिम जिल्ला समन्वय समितिका प्रमुखको संयोजकतत्वमा ७ सदस्यीय समिति गठन भएको हो । समितिका सदस्यहरूमा सम्बन्धित स्थानिय तहका अध्यक्ष वा प्रमुख, सहायक प्रमुख जिल्ला अधिकारी, नापी कार्यालयका प्रमुख, भुमी प्रशासन कार्यालयका प्रमुख, सम्बन्धित पालिकाका प्रमुख प्रशासकीय अधिकृत, रहने ब्यबस्था छ भने जिल्ला समन्वय अधिकारी सदस्य सचिब तोकिएको छ ।

निर्धारित मापदण्ड र कार्यका बारेमा समितिका सदस्य सचिब जिल्ला समन्वय अधिकारी नवराज बराल र शाखा अधिकृत लक्ष्मु शर्माले प्रकाश पार्नुभएको थियो। समितिका संयोजक एबम जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा बैठक सम्पन्न भएको थियो । बैठकमा जि.स.स.कास्कीका उपप्रमुख सरिता माल सहित सदस्यहरूको सक्रिय सहभागिता रहेको थियो ।

# पोखरामा बहुवर्गीय निर्वाचन प्रणालीको चर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

मार्क्सवादी अध्ययन श्रोत केन्द्र, पोखराको आयोजनामा “पुष्पलाल र आजको नेपाली कम्युनिस्ट आन्दोलन” विषयक अन्तर्कृया गोष्ठीमा चर्चित वामपन्थी नेता क गोपाल किरातिले “बहुदलीय निर्वाचन प्रणाली भित्र बहुबर्गीय निर्वाचन प्रणालीको विकास” को चर्चा गर्नुभएको हो ।




क पुष्पलालका योगदानको चर्चा गर्दै वहाले नेपालमा मार्क्सवादी विचार धाराको प्रचार प्रसार, जनवादी क्रान्तिको कार्यदिशा सहित सशक्त राजनीतिक आन्दोलनको निर्माण, राष्ट्रिय स्वाधीनताको रक्षार्थ आन्दोलन र जुधारु किसान आन्दोलनको निर्माणमा पुष्पलाल ले नेतृत्व गर्नुभएको बताउनुभयो ।

पुष्पलालले विषम परिस्थितमा पनि क्रान्तिकारी विचार र झण्डा कहिल्यै छाड्नुभएन भन्दै सम्मान र श्रद्धा व्यक्त गर्नुभयो ।

“नेपालमा समाजवाद कस्तो र कसरी ?” भन्ने विषय उठान गर्दै वहाँले नेपाली समाजवादी क्रान्ति दुई चरणमा पुरा हुने भन्दै पहिलो चरणमा बहुवर्गीय निर्वाचन प्रणाली विकास गर्न उपयुक्त हुने विचार राख्नुभयो, “मजदुर, किसान र पुजिपती जनसंख्याको पुर्ण समानुपातिक संघीय प्रतिनिधि सभा सदस्य चुनिने” बताउदै यस्तो प्रणालीमा जुनसुकै दलवाट भएपनि २० प्रतिशत मजदुर,६५ प्रतिशत किसान र १५ प्रतिशत पूंजिपती बर्गका प्रतिनिधि सांसद हुनेछन्, भन्नुभएको थियो । क किरातिले प्रस्तुत गर्नुभएको जम्मा दुई पृष्ठको अवधारणा पत्र माथि सहभागी बौद्धिक ब्यक्तित्व हरुले टिप्पणी गर्दै सुझावरजिज्ञासाहरुराख्नुभएको थियो । यसरी टिप्पणी गर्नेहरुमा - रामराज रेग्मी, नारायण परिश्रमी ,लोक बहादुर थापा, परशुराम कोइराला, विन्दु सापकोटा, नारायण अधिकारी, चुडामणि अधिकारी, भिम रानाभाट, गेहेन्द्रेश्वर कोइराला लगायत हुनुहुन्थ्यो, उहाँ हरु सवैले क पुष्पलाल प्रति सम्मान र श्रद्धा व्यक्त गर्दै बिशिस्ट योगदान हरुको चर्चा गर्नुभएको थियो ।

श्रोत केन्द्रका अध्यक्ष झलक पाणि तिवारीको अध्यक्षतामा भएको कार्यक्रमको प्रारम्भ मा पुष्पलाल का योगदान र गोपाल किरातिको ब्यक्तित्व को चर्चा र कार्यक्रमको स्वरुपको ब्याख्या गर्दै अतिथि र सहभागी हरुलाई स्वागत गर्नुभएको थियो । संस्थाका उपाध्यक्ष दुर्गा भण्डारीले संचालन गर्नुभएको कार्यक्रममा पोखरामा कार्यरत कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ता र बुद्धिजीवी हरुको राम्रो उपस्थिति रहेको थियो ।वैचारिक विमर्शको खडेरी को अवस्थामा यसप्रकारको कार्यक्रमले नयाँ तरंग पैदा गरेको सहभागीहरुले बताएका थिए ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# रक्तचाप के हो ? यस्ता छन् नियन्त्रण गर्ने ६ प्रमुख उपाय

डा केएन पौडेल

रक्तचाप भनेको मुटुले पम्प गरेको रगतले रक्तनली (धमनी) को भित्तामा कति बल वा दबाब दिन्छ भन्ने मापन हो ।

यो शरीरको सामान्य कार्यका लागि आवश्यक छ, तर यो धेरै बढी वा कम हुनु स्वास्थ्यका लागि हानिकारक हुन सक्छ । रक्तचाप नाप्दा सधैँ दुईवटा संख्याहरू देखाइन्छ, जस्तै १२०/८०, यसको मापन मिलिमिटर मरक्युरीमा (mm HG) गरिन्छ ।

माथिल्लो अंक (सिस्टोलिक रक्तचाप)ः यो मुटु खुम्चिएर रगतलाई धमनी अथवा रक्तनलीमा धकेल्दा सिर्जना हुने दबाब हो ।

तल्लो अंक (डायस्टोलिक रक्तचाप)ः मुटु दुई धडकनको बीचमा आराम गरिरहेको बेला पनि धमनी अथवा रक्तनलीमा अलिकति दबाब बाँकी रहन्छ, त्यसलाई डायस्टोलिक रक्तचाप भनिन्छ ।

**सामान्य रक्तचाप कति हो ?**

सामान्यतया एक स्वस्थ वयस्क व्यक्तिको रक्तचाप १२०/८० mmHg भन्दा कम हुनुपर्छ । यदि रक्तचाप लगातार १४०/९० mmHg वा सोभन्दा बढी रहिरहन्छ भने यसलाई उच्च रक्तचाप मानिन्छ । धेरै बिरामी के कुरामा झुक्किनुहुन्छ भने तल माथिको मध्ये कुन प्रेसर बढी खतरनाक हुन्छ, तर पछिल्ला अनुसन्धानले के देखाएको छ भने दुइटै प्रेसर बराबर खतरा हुन्छन् । अझै कुनै एउटा मात्र प्रेसर बढेको छ भनेपनि उपचार गर्नु अत्यावश्यक छ ।



**उच्च रक्तचाप किन खतरनाक छ ?**

उच्च रक्तचापलाई साइलेन्ट किलर पनि भनिन्छ किनभने धेरैजसो मानिसमा सुरुमा कुनै लक्षण देखिँदैन । लक्षण नदेखिए पनि यसले शरीरका महत्वपूर्ण अंगहरूलाई भित्रभित्रै क्षति पुर्याइरहेको हुन्छ । कालान्तरमा यिनै असरहरु जम्मा भएर ठूलो र भयानक रुप पनि लिन सक्छ, हामीले जानेबुझेका केही दीर्घकालीन असरहरु निम्न हुन सक्छन् ।

- हृदयघात
- मस्तिष्कघात
- मिर्गौला फेल
- आँखाको दृष्टिमा समस्या

**रक्तचाप कसरी नियन्त्रण गर्ने ?**

रक्तचाप नियन्त्रण गर्न स्वस्थ जीवनशैली अपनाउनु र नियमित स्वास्थ्य जाँच गर्नु महत्त्वपूर्ण हुन्छ ।

**नुन कम खानेः** दैनिक ५ ग्रामभन्दा कम नुन सेवन गर्नु शरीरको लागि उत्तम हुन्छ। व्यवहारिक रुपमा भन्नुपर्दा जंक फूड र घर बाहिर बनाइएका अथवा प्याकेट मा पाइने कुराहरुमा नूनको मात्रा धेरै हुन्छ । साथै नून लागेन भनेर पछि थप्दा नूनको मात्रा धेरै पर्न जान्छ। मासु, अचार जस्ता परिकार खाईदा पनि नून धेरै खान सकिन्छ, यस्तो कुरा बढीमात्रामा खांदा विशेष ध्यान पुर्याउनुपर्छ ।

**तौलः** यदि तपाईलाई उच्च रक्तचाप छ भने, तपाइको तौल घटबढ हुदा रक्तचाप पनि घटबढ हुन सक्छ । यसैले तौल घटाउनको लागि कार्बोहाइड्रेट कम खाने, जंक फूड नखाने र पेय पदार्थ लगायत जांड-रक्सी नखानु शरीरलाई उत्तम हुन्छ ।

**नियमित व्यायामः** दैनिक लगभग ३० मिनेट मध्यम खालको शारीरिक गतिविधि गर्नाले तपाईलाई स्वस्थय राख्न मद्दत गर्छ। तर यसरी व्ययाम गर्दा खेंरी सास केही मात्रमा छिटो बढोस् अथवा थकान लागोस् भनेर विशेष ख्याल राख्नु पर्ने हुन्छ। छिटो-छिटो हिड्ने र दगुर्ने बाहेक, पौडी खेल्ने, जीम जाने, वा ब्याडमिन्टन खेल्ने जस्ता सामान्य क्रियाकलापलेल पनि उच्चरक्त चाप लाई केही मात्रमा नियन्त्रण गर्न सक्छ । व्यायाम गरेर तौल नघटे पनि यसले तपाइको शरीरलाई अन्य फाइदा गर्छ र दीर्घकालिन असरबाट जोगाउंन मद्दत गर्छ ।

**स्वस्थ आहारः** प्रशस्त फलफूल, सागसब्जी र कम बोसोयुक्त खानेकुरा खानु पनि उच्च रक्तचापको बिरामीको लागी फाइदाजनक हुन्छ । दुध, दही पनि उच्च रक्तचापको लागी राम्रो नै हुन्छ ।

यो बाहेक धूम्रपान, मद्यपान त्याग्ने र तनाव व्यवस्थापन गर्ने कुरामा पनि विशेष ध्यान दिनुपर्छ ।

**नियमित जाँचः** यति सबै गर्दा गर्दै पनि हजुर को रक्तचाप उच्च हुन सक्छ, उच्च रक्तचाप आफूलाइ भएको नभएको थाहा पाऊनको लागि नियमित चेक-जांच गराएर ढुक्क हुनै पर्छ । ३५ वर्ष काटेका वयस्कहरूले वर्षमा २ पटक आफ्नो रक्तचाप जँचाउनै पर्छ। तर यदि तपाइलो बुवा आमा अथवा काका-मामामा उच्च रक्तचाप छ भने अझै सानो उमेर बाट पनि तपाइलाई उच्च रक्तचाप देखिन सक्छ । तपाईंले आज खाने रक्तचापको औषधिले पाँच वा दश वर्ष पछिको समयमा पक्षाघात, हृदय रोग र अन्य जटिलताहरूबाट जोगिन मद्दत गर्छ। धेरै मानिसहरूले सोच्छन् कि उच्च रक्तचापको औषधिले मृगौलालाई नोक्सान पुऱ्याउन सक्छ, तर यो सत्य होइन । केही बिरामीमा उच्च रक्तचापको औषधी सेवन गरेपछि शरीर सुन्निने, चक्कर लाग्ने जस्ता सामान्य खराब असरहरु देखीन सक्छ, यस्तो भएमा आफ्नो चिकित्सकलाई तुरुन्त सम्पर्क राख्नुहोला ।

# पोखरा महानगरपालिका वडा नं. २३ मा पर्यटन : सम्भावना र चुनौती

पोखरापत्र संवाददाता
पोखरा, ८ साउन

शनिबार पोखरा-२३, चापाकोटस्थित एकता आमा समूहको सभाहलमा सञ्चालन हुनेछ।

पोखरा महानगरपालिका वडा नं. २३ कार्यालयको आयोजनामा तथा स्वतन्त्र पत्रकार संघ नेपाल केन्द्रीय समिति र कास्की जिल्ला समितिको सहकार्यमा हुने कार्यक्रममा कार्यपत्र प्रस्तुतकर्ता पृथ्वीनारायण क्याम्पस, पोखराका प्राध्यापक तथा स्वतन्त्र पत्रकार संघ नेपालका केन्द्रीय सचिव कल्याण पन्त रहनेछन् । कार्यक्रममा वडा नं. २३ भित्र रहेका प्राकृतिक, सांस्कृतिक तथा ग्रामीण पर्यटनका सम्भावनाको पहिचान, पर्यटन विकासमा देखिएका चुनौती, स्थानीय समुदायको भूमिका, पूर्वाधार विकास, सञ्चारको योगदान तथा दिगो पर्यटन प्रवर्द्धनका उपायबारे छलफल हुने आयोजकले जनाएको छ।

वडाभित्रका पर्यटन व्यवसायी, जनप्रतिनिधि, पत्रकार, सामाजिक अगुवा, युवा, स्थानीयवासी तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहने अपेक्षा गरिएको छ ।

कार्यक्रमबाट प्राप्त सुझावलाई पर्यटन विकासका भावी योजना तथा नीतिनिर्माणमा उपयोग गरिने वडा अध्यक्ष रामकाजि गुरुङले बताए ।

वडा सदस्य तथा कार्यक्रम संयोजक चेत बहादुर क्षेत्रीले "ग्रामीण पर्यटनको विकास, समृद्ध नेपालको आधार" भन्ने मूल नारासहित आयोजना गरिएको यस कार्यक्रमले वडा नं. २३ लाई ग्रामीण पर्यटनको आकर्षक गन्तव्यका रूपमा स्थापित गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको बताए ।

# कांग्रेस र नेकपा कर्णालीमा नयाँ सरकार गठन गर्ने गृहकार्यमा

पोखरापत्र संवाददाता
पोखरा, ८ साउन

कर्णाली प्रदेशमा प्रमुख प्रतिपक्षी दल नेपाली कम्युनिष्ट पार्टी (नेकपा) र नेपाली कांग्रेसले नयाँ सरकार गठन गर्ने गृहकार्य थालेका छन् । मुख्यमन्त्री यामलाल कँडेलको विकल्प खोज्दै कांग्रेस र नेकपाले सहकार्य गर्दै नयाँ सरकार बनाउने तयारी गरेका हुन् ।

गत असार ३१ गते सत्तासाझेदार दल कांग्रेसका चार मन्त्रीहरुले प्रदेश सरकारबाट राजीनामा दिएपछि अल्पमतमा परेका मुख्यमन्त्री कँडेलविरुद्ध असार ३२ गते कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीलाई मुख्यमन्त्रीमा अगाडि सार्दै नेकपाका ११ र कांग्रेसका पाँच गरी १६ प्रदेशसभा सदस्यहरुले अविश्वासको प्रस्ताव प्रदेशसभा सचिवालयमा दर्ता गराएका थिए ।

उक्त प्रस्ताव दर्ता गरेको एक हप्तापछि सभामुख नन्दा गुरुङले यही साउन ७ गते बैठक बोलाउनुभएको थियो । सभामुख गुरुङले बिहीबार बोलाउनुभएको बैठक विशेष कारणवश बस्न नसकेको सूचना सार्वजनिक गर्दै यही साउन ९ गते दिउसो ३:०० बजे बस्ने तय भएको जानकारी दिनुभयो ।

कर्णाली प्रदेशसभामा नेकपाका नेता मङ्गलबहादुर शाहीले असार ३२ गते प्रदेशसभा सचिवालयमा पेस गर्नुभएको मुख्यमन्त्री कँडेल विरुद्धको अविश्वास प्रस्तावका पक्षमै मतदान गरेर नयाँ सरकार गठन प्रक्रियामा अगाडि बढ्ने बताउनुभयो । "हामी आफ्नो निर्णयका आधारमा अगाडि बढ्छौँ," उहाँले भन्नुभयो, "अब कांग्रेसको नेतृत्वमा सरकार गठन हुन्छ । नेकपाले त्योभन्दा अरु फरक कुनै देखेको छैन र सम्भव पनि हुँदैन ।" कर्णाली प्रदेशसभामा कांग्रेसका प्रमुख सचेतक हिक्मत विष्टले नेकपासँग भएको समझदारीका आधारमा नै कांग्रेस अगाडि बढेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेकपाकै समर्थनमा हाम्रो दलको नेतालाई सरकारको नेतृत्व गर्ने सहमतिबाट मुख्यमन्त्री प्रस्ताव गरेर अगाडि बढेका हौँ । अब छिट्टै कांग्रेस र नेकपाको समीकरणमा नयाँ सरकार गठन हुन्छ ।" कर्णाली प्रदेशसभामा हाल ४० प्रदेशसभा सदस्य छन् । सरकार गठन गर्न २० सदस्य आवश्यक पर्छ । प्रदेशमा कांग्रेसका १५ र नेकपाका १४ प्रदेशसभा सदस्य रहेका छन् ।

# किसानले केराको उचित मूल्य पाए

रासस
काठमाडौं, ८ साउन

भारतबाट केरा आउन रोक लगाइएपछि यहाँका किसानले उचित मूल्य पाएका छन् । सरकारले बाहिरबाट केरा आयात रोक लगाएसँगै किसान प्रत्यक्ष लाभान्वित भएका हुन् ।

चितवन केरा उत्पादक सङ्घका अध्यक्ष घननाथ महतोका अनुसार किसानले बारीबाटै प्रतिकोसा केराको रु छसम्म मूल्य पाएका छन् । "यो काँचो केराको मूल्य हो । गतवर्षको यही समयमा एउटाको केरा रु दुईदेखि रु तीनमा बिक्री गर्नुपर्ने बाध्यता थियो", उहाँले भन्नुभयो, "यस वर्ष बल्ल किसानले केराको उचित मूल्य पाएका छन् ।" गत असोजदेखि बाहिरबाट केरा भित्रन रोक लगाइएको जनाउँदै महतोले केरा आयात हुन छाडेपछि यसवर्ष जिल्लाका किसानले सात लाख बिरुवा थप गरेका उल्लेख गर्नुभयो । उहाँका अनुसार जिल्लामा तीन हजार बिघा जमिनमा केराखेती गरिएको छ । यसबाट वार्षिक ७० हजार मेट्रिकटन केरा उत्पादन हुन्छ । जिल्लामा मालभोग, जिनाइन, बिलियम हाइब्रिड जातका केरा लगाइँदै आइएको महतोले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लामा करिब ७०० किसानले व्यावसायिक रूपमा केराखेती गर्दै आएका छन् । मूख्य रूपमा कालिका र रत्ननगर नगरपालिकामा किसानले केरा लगाएका छन् । जिल्लाका अन्य पालिकामा केराखेती गरिन्छ । तीमध्ये अधिकांशले जग्गा भाडामा लिएर केराखेती गरिरहेका केरा उत्पादक सङ्घले जनाएको छ ।

यहाँ उत्पादित केरा काठमाडौँ, पोखरा, दाङ, वीरगञ्ज, हेटौँडालगायत सहरमा जाने गर्दछ । फागुनदेखि वैशाखसम्म कम उत्पादन भए पनि अन्य मौसममा केरा उत्पादन बढी हुने सङ्घले जनाएको छ । बिरुवा लगाएको १० महिनादेखि एक वर्षमा उत्पादन लिन सकिन्छ ।

# सीमाविद् बुद्धिनारायण श्रेष्ठ पुरस्कृत

रासस
काठमाडौं, ८ साउन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सङ्घीय सांसदहरूको स्वकीय सचिव नियुक्ति तथा व्यवस्थापनसम्बन्धी आन्तरिक निर्देशन जारी गरेको छ ।

राज्यकोषबाट प्राप्त हुने सुविधाको उच्चतम् सदुपयोगलाई सुनिश्चित गर्दै स्वकीय सचिव नियुक्ति प्रक्रियालाई पारदर्शी, मितव्ययी र जनउत्तरदायी बनाउन सो पार्टीले आफ्ना सांसदका लागि निर्देशन जारी गरेको हो ।

सो पार्टीका महामन्त्री विपिनकुमार आचार्यद्वारा जारी निर्देशनमा नातावाद र परिवारवादको परिधिभन्दा बाहिरबाट मात्र प्रविधिमैत्री क्षमता, अनुसन्धान कौशल र पार्टीको मूल्य-मान्यताप्रति निष्ठावान् व्यक्तिलाई प्राथमिकता दिनुपर्ने जनाइएको छ । यस्तै समावेशीतालाई प्रोत्साहन दिन, दोहोरो सुविधा वा कुनै पनि स्वार्थ बाझिने उम्मेदवार मुक्त हुन तथा छनोट, नियुक्ति तथा अनुमोदन प्रक्रिया प्रतिस्पर्धात्मक बनाउन भनिएको छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ८ साविक लेखानी गा.वि.स. वडा नं. ६ निवासी भारतिय भू.पू.सै.नं. JC-612323M पल्टन २/४ गोर्खा राईफलका सुवेदार टिकाजित पुनको श्रीमती हरिमाया पुनको नेपाली नागरिकता प्रमाण पत्रमा जन्म मिति वि.सं. २०१७/०७/१४ (30th Oct., 1960 A.D.) भएको साथै पतिको भारतिय पेन्सन सम्बन्धि कागजातहरुमा श्रीमतीको जन्म मिति 06th Jun, 1962 A.D.भई जन्म मिति फरक भएता पनि उल्लेखित दुई जन्म मिति भएको व्यक्ति एउटै भएको भनी काठेखोला गाउँपालिका, ८ नं. वडा कार्यालयको चलानी नं. ००१२, मिति २०८३/०४/०६ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमजुङ

एउटै व्यक्ति भएको सूचना



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला हाल मर्स्याङ्दी गाउँपालिका वडा नं. ०३ निवासी भारतीय भु.पु. सैनिक नं. ५७४८२१० Y का हर्क बहादुर गुरुङको श्रीमती पुर्णि माया तामाङले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. ४४८८) मा नामथर पुर्णि माया तामाङ र जन्म मिति वि.स. २०२४/०४/१२ (ई.स. १९६७-०७-२७) उल्लेख भएको र भारतीय सैनिक अभिलेखमा नामथर पुर्णि माया गुरुङ र जन्म मिति ई.स. १९६७-०८-०७ उल्लेख भई नामथर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक-फरक नामथर र जन्म मिति गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको बेहोरा मर्स्याङ्दी गाउँपालिका ०३ नं. वडा कार्यालयको च.नं. ०५ मिति २०८३/०४/०५ को सिफारिस बमोजिम सोहि बेहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमजुङ

एउटै व्यक्ति भएको सूचना



प्रस्तुत बिषयमा लमजुङ जिल्ला साविक खुदी गा.वि.स. वडा नं. २ हाल मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ निवासी भारतीय भू.पू. सैनिक जे. सी नं. २०५४०० ए ३/८ जि.आर. का सुवेदार गगन सिंग गुरुङको श्रीमतीले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा निजको नामथर सुक माया तामाङ गुरुङ र जन्ममिति वि.सं. २०१५।०१।१० तद्अनुसार ई. सं. २२।०४।१९५८ उल्लेख भएको र पतिको भारतीय आर्मी अभिलेखमा निजको नामथर सुख माया गुरुङ र जन्ममिति वि.सं. २०१४।०४।२७ तद्अनुसार ई.सं. ११।०८।१९५७ उल्लेख भई नामथर फरक परेता पनि उल्लेखित फरक फरक नामथर गरेको व्यक्ति अलग अलग नभई एउटै भएको व्यहोराको सिफारीस गरिदिनु हुन भनि गगन सिंग तामाङ गुरुङले पेश गरेको निवेदन र मर्स्याङ्दी गाउँपालिका, ३ नं. वडा कार्यालयको च.नं. ३१९, मिति २०७४।०८।१४ को पत्रबाट समेत सोही व्यहोरा उल्लेख भई आएको हुँदा सोही पत्रानुसार सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमजुङ

एउटै व्यक्ति भएको सूचना



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला हाल मर्स्याङ्दी गाउँपालिका वडा नं. ०३ निवासी भारतीय भु.पु. सैनिक नं. ८६१०९००८२ सि.टी. शेर बहादुर गुरुङको पत्नी जग माया गुरुङले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. २७२८) मा नामथर झुक माया तामाङ भन्ने जग माया तामाङ गुरुङ, जन्म मिति वि.स. २०२६/०२/१२ (ई.स. १९६९-०५-२५) उल्लेख भएको र भारतीय सैनिक अभिलेखमा नामथर जग माया गुरुङ, जन्म मिति ई.स. १९७०-०१-११ उल्लेख भई नामथर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक-फरक नामथर र जन्म मिति गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको बेहोरा मर्स्याङ्दी गाउँपालिका ०३ नं. वडा कार्यालयको च.नं. २९ मिति २०८३/०४/०७ को सिफारिस बमोजिम सोहि बेहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी

# जिगीषा

हरिहर खनाल

केही दिन अघिदेखि परिरहेको पानी त्यति बेला थामिइसकेको थियो । लामो समयदेखिको खडेरीले खङ्रङ्ङ सुकेको धरतीसँगै वातारणमा समेत परिवर्तन आएको थियो । बोटबिरुवा र खेतबारी सबैतिर पिपिरा पलाउन थालेका थिए । प्रकृति फेरि मुस्कुराउन थालेको थियो । पारिपट्टिको चारकोसे झाडी भर्खरै धोएर सुकाउनका लागि फिँजारिएको हरियो विशाल गलैँचाजस्तो देखिन्थ्यो । उत्तरतिर ढोलो परेको शनिश्चरे डाँडो क्षितिजरेखा समानान्तर पूर्व-पश्चिम फैलिएको थियो । आकाशमा कताकति बादलका थुम्काथुम्की देखिएका थिए । वसन्त ऋतुको दोपहर, सूर्य घरि बादलभित्र लुक्दै र घरि बाहिर निस्कँदै पश्चिमतिरको आकाशमार्गमा विस्तारै पाइला सारिरहेको प्रतीत हुन्थ्यो ।

त्यति बेला नीलकण्ठ भित्री मधेशको देहातमा दुरुङचुङ गाउँको एउटा विद्यालयमा अध्यापक थियो । नयाँ वर्षको प्रारम्भदेखि नै सबै शिक्षालयहरू बिहानको समयमा सञ्चालन हुन थालेका थिए । सम्बद्ध सबैको दैनिकीमा फेरबदल आएको थियो ।

उसको आवासभन्दा पश्चिमतिर आँगनको छेउमा एउटा मझौला आकारको पीपलको झम्म परेको बोट थियो । हावाको सानो तरङ्गले पनि त्यसका पातहरूलाई मुसारेर जाँदा ती फिरफिर फिरफिर हल्लिन्थे । प्रातकालीन जागिरको समयपछि दिउँसो ऊ त्यहीं, त्यसैको छहारीमा बसेर लेख-पढ गर्थ्यो र दिवा समयमा ऊसित शिक्षा लिन जाने शिक्षार्थीहरूका ज्ञानचक्षु खोल्नका लागि प्रयत्न गर्थ्यो ।

एक दिन दिउँसो, ऊ दोपहरतिर त्यही सियाँलमा बसेर उसका नियमित शिक्षार्थीहरूलाई पढाइरहेको थियो । त्यै बेला अगाडिपट्टि गाउँको बिचोबिच गएको बाटेबाट यस्तै पैँतालिस वर्षजतिको देखिने एक जना पुरुष र बाह्र/तेह्र वर्षको जस्तो लाग्ने एक किशोर ऊतिरै आइरहेको उसले देख्यो । अलिकति नजिक पुगेपछि उसले चिन्यो, ऊ त्यस ठाउँमा पुनुभन्दा पहिलेदेखिकै उसका परिचित त्यस गाउँका एक जना सज्जन, शिक्षित पुरुष थिए उनी । रामनाथ गुरुका नामले त्यस सेरोफेरोमा परिचित उनी सधैँजसो एकै किसिमको परिधानमा देखिने छरितो जीउडालका व्यक्ति थिए । उनी प्रायः कमिज सुरुवाल, शिरमा ढाकाटोपी र पाउमा कपडाका जुत्ता लगाउँथे । सादा जीवन उच्च विचार उनका आदर्श थिए उनी । "नमस्कार नीलकण्ठजी !" सदाझैँ थोरै हँसिलो मुखाकृतिमा उनले नीलकण्ठको अभिवादन गरे । नीलकण्ठले उही शैलीमा प्रत्युत्तर फर्कायो । पिताका पदचापलाई पच्छ्याउँदै जीवनाथले पनि जम्ला हात जोडेर उसलाई सस्वर नमस्कार गऱ्यो । नीलकण्ठले उज्यालो मुखमुद्रामा उसको प्रत्युत्तर दिएपछि खाली आसनतिर औँल्याउँदै दुवै जनालाई बस्ने सङ्केत गऱ्यो ।

"मैले क्यै सेवा गर्नुपऱ्यो कि ? कति कामले आउनुभयो गुरुजी ?" संवादको सुरु उसैले गऱ्यो ।

"यो मेरो छोरो आजकल पढाइ हुने अङ्ग्रेजी विषयमा अलिकति कमजोर भयो । म जान्दिन । तर म यसलाई नौ लाख तारा बिचको चन्द्रजस्तै बनाउन चाहन्छु । उक्ति नै छ, "एकश्चन्द्र तमोहन्ति नचतारा गणोपिच" । आफू बनारस गएर शास्त्री पास गर्दासम्म पनि मान्छेहरूले 'गाई खाने विद्या के पढ्नु ?' भनेर हेलत्तो गरेका हुनाले पहिले तिनकै लहैलहैमा लागेर मैले त्यतातिर ध्यान दिइन । अहिले समय फेरिन थाल्यो । समयको गतिसँगै चल्न सकिएन भने पछि परिन्छ भन्ने कुरा म जान्दछु ।"

"के हो ठूलो जगतमा पसिना विवेक ।

उद्देश्य के लिनु उडी छुनु चन्द्र एक ॥"

देवकोटाले त्यसै भनेका थिएनन् यो । यो जीवनाथ मेरो सपना हो । यसलाई विशाल नभमा विचरण गराउने मेरो आन्तरिक जिगीषा छ । तपाईंले यसको ज्ञानचक्षु खोलिदिनु पऱ्यो ।" रामनाथ गुरुले लामै भाषण गरे । केही बेर यस्तै उस्तै कुरा गरेपछि जीवनाथलाई नीलकण्ठको जिम्मा लगाएर उनी बिदा भए । त्यसपछि नीलकण्ठले उसको नयाँ शिश्यलाई क्रमशः यत्नपूर्वक ज्ञानगंगाको बाटो बुद्धि र विवेकको महासागरतिर प्रवेश गर्ने ढोका खोलिदियो । निकै कम बोल्ने तर लगनशील जीवनाथको प्रज्ञाचक्षु तीक्ष्ण छ भन्ने कुरा उसले छोटो समयमा नै आँकलन गरिसकेको थियो ।

नयाँ शैक्षिक सत्र सुरु भएको एक महिनापछि दुरुङचुङको माध्यमिक विद्यालयबाट शहरको केन्द्रमा रहेको अर्को एक विद्यालयमा निलकण्ठको सरुवा भयो र त्यसपछि रामनाथ गुरुसितको उसको जीवन्त सम्पर्कमा विराम लाग्यो ।

केही वर्षदेखि सेवा निवृत्त भएका रामनाथको जीवनवृत्तको घेरा निकै साँघुरिँदै गैरहेको थियो । घरआँगन, खेतबारी, वस्तुभाउ, खेतीपाती, यिनैको चौघेराभित्र उनी थुनिन पुगेका थिए । घरिघरि उनी एक्लै बसेर घोरिन्थे, जीवनाथको शहरको बसोबास र चार्टर्ड एकाउन्टेन्सीको पढाइले सफलताको शिखर चुम्नका लागि निकै मिहिनेतपूर्ण परिश्रमको माग गर्दछ भन्ने कुराको उनलाई राम्ररी जानकारी थियो । उनको सपनाको संसाररूपी त्यो शिखरलाई चुम्ने लक्ष्यसहित छोरो जीवनाथले त्यो कर्तव्य पूरा गर्न सक्ला कि नसक्ला भन्ने दुविधाको चिन्तामा पिल्सिएर समय समयमा निकै विचलित हुन्थे उनी । 'बिहानले सिइगो दिनको आभास दिन्छ' भन्ने कुरा उनको हृदयमा थियो र त्यो नै उनलाई सान्त्वना दिने एउटा माध्यम बनेको थियो ।

शनिबारको एक बिहान । रामनाथ घरसारको काममा व्यस्त थिए । त्यै समयमा छिमेकी वृद्ध महिला आँगनमा देखा परिन् ।

"बस्नोस् । कति कामले आउनुभयो ?" बरन्डाको खाली कुर्चीतिर देखाउँदै उनले ती महिलालाई सोधे । छिटको धोती, चौबन्दी चोलो र ढाकाको मुजेत्रो; तिनको पहिरन सामान्य थियो ।

"मलाई मेरा खसमले बेला कुबेला आएर भकुर्छन् । मलाई तिनले अकालमै मार्ने भए ।" यति भनेर तिनले मुजेत्राको फेरले आँसु पुछिन् ।

उनका कुरा सुनेर रामनाथ स्तब्ध भए । के गर्ने भन्ने यकिन विचार तत्कालै नआएको हुनाले समयको खाडल पूर्नका लागि उनले एकपटक ती महिलासित सोधे, "तपाईं एक्लै अलगै आफ्नो लुसेधन्दा गरेर खाइबसेकी मान्छेलाई किन के भनेर दुःख दिन्छन् तपाईंका खसमले ?"

पानी बर्षन थालेको आकाशजस्तो अनुहारमा आँसुले डबडबाएका आँखाले रामनाथतिर हेर्दै तिनले दुखेसो पोखिन् । "म के जानु बाबु ? कान्छी दुलै लिएर बसेका छन् चोक बजारतिर घर बनाएर । घरिघरि आएर मलाई अनाहकमा लछारपछार गर्छन् । तिनले सधैँ आएर मसित पैसा माग्छन् । मसित कहाँको पैसा छ र दिउँ मैले ? आफ्नु सास धान्न त मलाई धौ छ । मैले कहाँ पाएर तपाईँलाई पैसा दिउँ ?" म उनलाई सम्झाउन खोज्छु । तर मेरो मुखबाट बोली निस्कन पाउँदानपाउँदै उनले मलाई लात्तैलात्ताले भकुर्छन् र जान्छन् । तिनको कुटाइले मेरो यो ज्यान थिलोथिलो भएको छ बाबु । जसरी हुन्छ यो मेरो घरखडेरी खाइदिनोस् बाबु ।" तिनले रुँदै भनिन् ।

"घर घडेरी बेचेर कहाँ बस्नुहुन्छ ? बाँचुञ्जेल ओत लाग्नका लागि तपाईँ हामी सबैलाई एउटा ठाउँ त चाहिन्छ नि ?" रामनाथले उनलाई सम्झाउने प्रयत्न गरे ।

"अब म यहाँ बस्न सक्तिन बाबु । जसो त पर्ला, जान्छु उतै आफ्नो पुरानो गाउँ पहाडतिर ।" अलिकति समालिएर उनले सुँक्कसुँक्क रुँदै भनिन् । सोचमग्न मुद्रामा निःशब्द रामनाथ गुरु एकछिनसम्म घोरिएर बसे ।

"नरोस् । धैर्य गर्नोस् । तपाईंका पतिसित म कुरा गरुँला ।" रामनाथले उलाई सम्झाउँदै भने ।

शहर पसेको छ महिनापछि लामो बिदामा घर फर्केको जीवनाथले यसपटक घरको वातावरणमा केही परिवर्तन आएको देख्यो । एक जमानामा कहित्यै पनि केही नहोला कि भनेजस्तो बलियो-बाङ्गो शरीर र त्यै माफिकको जाँगर भएका मातापिता दुवै जना वृद्धावस्थाको सँघार टेक्न थालिसकेका थिए ।

"बाबु जीवनाथ, अब हामी सधैँ यस ठाउँमा बसेर निर्वाह गर्न नसक्ने स्थितिमा पुग्यौँ । हामीलाई धेरै कमजोरी महसुस हुन थालेको छ ।" मलिन तर शान्त स्वरमा रामनाथले एक दिन छोरालाई सुनाए । त्यो सुनेर छोरालाई निकै नरमाइलो लाग्यो । उनीहरू दुवै जना यसपालि शारीरिक मात्र होइन मानसिक रूपमा पनि गल्दै गैरहेको कुरा उसको अन्तरमनले लख काट्यो । तै पनि उसले ढाढस दिँदै भन्यो, "फिर नगर्नोस बाआमा, म छु नि ।"

त्यसको केही समयपछि जीवनाथ फेरि राजधानी सहरतिर उकालो लाग्यो ।

नब्बे कटिसकेका रामनाथ गुरु हब्बे न कब्बे भन्ने अवस्थामा पुगिसकेका थिए । सात वर्षले कान्छी उनकी जहान पनि सहारा बिना हलचल गर्न नसक्ने भएकी थिइन् । बाआमालाई स्याहारसुसार गर्नका लागि स्थायी रूपमा त्यहीँ बस्ने निर्मला साँझपख बालाई खानपिन गराएर खाटमा पल्टाइदिएपछि आमाको हेरविचारमा लागी ।

सधैँझैं भोलिपल्ट बिहान सात बजेतिर रामनाथको सरसफाई गर्न पुगेकी निर्मलाले बेलुकी दश बजेतिर सारसौँदै छोडेर गएकी थिई रामनाथलाई । देखी, उनी ओछ्यानमा लमतन्न परेर सुतिरहेका थिए । उसले एकपटक "बुवा !" भनेर बोलाई । तर कुनै आवाज आएन । नजिकै गएर घचेटी । त्यहाँ जीवनको कुनै सङ्केत थिएन । त्यो डराएर खङ्ग ग्रङ्ङ भै । ऊ हस्याङ र फस्याङ गर्दै हँदै कराउँदै बाहिर निस्किई । उत्तिखेरै के हो भन्दै केही छिमेकीहरू त्यहीँ आँगन टेक्न आइपुगे । निर्मलाले सोहोरिएको अनुहारमा तत्कालै मोबाइलको स्क्रिनमा जीवनाथको नम्बर थिची । जीवनाथले फोन उठाउने बित्तिकै आत्तिएको स्वरमा उसले भनी, "दाइ, बा त हुनुहुन्न । भर्खरै बितुभो ।" सुनेर जीवनाथ स्तब्ध भयो । त्यहाँ जम्मा भएका छिमेकीहरू शोकमग्न मुद्रामा एक अर्कासित अनेक कुराकानी र तर्क वितर्क गर्न थाले ।

साभारः गण्डकी संगम

# इन्जिनियरिङतर्फ विद्यार्थीको आकर्षण बढाउन शिक्षामन्त्रीद्वारा छलफल

रासस

काठमाडौँ, ८ साउन

काठमाडौँ, ८ साउनः शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले इन्जिनियरिङ शिक्षाको प्रवर्द्धन गर्दै यस क्षेत्रमा विद्यार्थीको आकर्षण बढाउने उद्देश्यले सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल गर्नुभएको छ । सिंहदरबारस्थित मन्त्रालयमा त्रिभुवन विश्वविद्यालय (त्रिवि)का उपकुलपति, इन्जिनियरिङ अध्ययन संस्थान (आइओइ)का डिन तथा इन्जिनियरिङ कलेजहरूको छाता सङ्गठन (एकोन) त्रिवि विभागका पदाधिकारीसँग छलफल गर्नुभएको हो ।

छलफलमा त्रिविका उपकुलपति प्रा डा भोला थापा, संस्थानका डिन प्रा डा सुशीलबहादुर बज्राचार्य, एकोन त्रिवि विभागका संयोजक धनप्रसाद पौडेललगायत पदाधिकारी र मन्त्रालयका उच्च अधिकारीबीच छलफल भएको हो । मन्त्री पोखरेलले इन्जिनियरिङ शिक्षाप्रति विद्यार्थीको आकर्षण बढाउन तथा अध्ययनपछि उनीहरूलाई मुलुकभित्रै अवसर सृजना गर्ने गरी ठोस कार्ययोजना बनाएर अघि बढ्न सरोकार भएका निकायलाई आग्रह गर्नुभएको छ । उहाँले नेपालमा इन्जिनियरिङ शिक्षा प्रवर्द्धन तथा गुणस्तर अभिवृद्धिका लागि परीक्षण प्रणालीमा सुधारदेखि नीतिगत व्यवस्थापनमा मन्त्रालयले योजनाबद्ध काम गर्ने स्पष्ट पार्नुभयो । त्रिविका उपकुलपति प्रा डा थापाले विश्वविद्यालयको शैक्षिक गुणस्तर उकास्न, इन्जिनियरिङ अध्ययनलाई व्यवस्थित र प्रभावकारी बनाएर विद्यार्थीलाई आकर्षण गर्नेगरी गुणस्तरीय शिक्षामा जोड दिन इन्जिनियरिङ अध्यापन गराउने कलेजहरूलाई आग्रह गर्नुभयो । शिक्षामन्त्रीका सल्लाहकार शैलेन्द्र भ्काले इन्जिनियरिङ शिक्षामा विद्यार्थी आकर्षणका लागि प्रभावकारी शैक्षिक कार्यक्रम लागू गर्न आग्रह गर्नुभयो । शिक्षा मन्त्रालयको उच्च शिक्षा महाशाखा प्रमुख एवं सहसचिव श्रीप्रसाद भट्टराईले विश्वविद्यालय अनुदान आयोगको मापदण्डअनुसार शैक्षिक गुणस्तरलाई ध्यान दिएर संस्थानअन्तर्गतका इन्जिनियरिङ कलेजमा विद्यार्थी बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले सरकारले इन्जिनियरिङ शिक्षाको गुणस्तर सुधारमा ध्यान दिने र शिक्षामा सबैको पहुँच विस्तार गर्नेगरी काम गरिरहेको उल्लेख गर्नुभयो ।

छलफलमा एकोन त्रिवि विभागका संयोजक पौडेलले इन्जिनियरिङ शिक्षातर्फ विद्यार्थीको आकर्षण बढाउन र प्रवेश परीक्षाको उत्तीर्णदर वृद्धि गर्न सक्नेगरी आइओइबाटै पहल गर्न सुझाव दिनुभयो ।

छलफलमा काठमाडौँ इन्जिनियरिङ कलेजका सञ्चालक एवं एकोनका पूर्वअध्यक्ष इन्जिनियर हिरेन्द्रमान प्रधान, सगरमाथा इन्जिनियरिङ कलेजका प्रमुख इन्जिनियर दक्षिणा श्रेष्ठ, कान्तिपुर इन्जिनियरिङ कलेजका प्रमुख डा केसर प्रसाईं, ललितपुर इन्जिनियरिङ कलेजका निर्देशक ललन तिवारी, नेसनल कलेज अफ इन्जिनियरिङका प्रमुख कार्यकारी अधिकृत धनप्रसाद पौडेललगायतको सहभागिता थियो ।

# रास्वपाका सांसदहरूको स्वकीय सचिव नियुक्तिका लागि मापदण्ड

रासस

काठमाडौँ, ८ साउन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सङ्घीय सांसदहरूको स्वकीय सचिव नियुक्ति तथा व्यवस्थापनसम्बन्धी आन्तरिक निर्देशन जारी गरेको छ ।

राज्यकोषबाट प्राप्त हुने सुविधाको उच्चतम् सदुपयो गलाई सुनिश्चित गर्दै स्वकीय सचिव नियुक्ति प्रक्रियालाई पार दर्शी, मितव्ययी र जनउत्तरदायी बनाउन सो पार्टीले आफ्ना सांसदका लागि निर्देशन जारी गरेको हो ।

सो पार्टीका महामन्त्री विपिनकुमार आचार्यद्वारा जारी निर्देशनमा नातावाद र परिवारवादको परिधिभन्दा बाहिर बाट मात्र प्रविधिमैत्री क्षमता, अनुसन्धान कौशल र पार्टीको मूल्य-मान्यताप्रति निष्ठावान् व्यक्तिलाई प्राथमिकता दिनुपर्ने जनाइएको छ ।

यस्तै समावेशीतालाई प्रोत्साहन दिन, दोहोरो सुविधा वा कुनै पनि स्वार्थ बाझिने उम्मेदवार मुक्त हुन तथा छनोट, नियुक्ति तथा अनुमोदन प्रक्रिया प्रतिस्पर्धात्मक बनाउन भनिएको छ । स्वकीय सचिवका लागि योग्य उम्मेदवार छनोट गरेपश्चात् नियुक्तिका लागि रास्वपा संसदीय दलबाट अनिवार्य रूपमा अन्तिम स्वीकृति लिनुपर्ने छ । पार्टीका सम्पूर्ण सांसदहरूले उच्च नैतिक आचरण र जनउत्तरदायित्व प्रस्तुत गर्नुपर्नेछ निर्देशनमा जनाइएको छ ।

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश, तनहुँ जिल्ला, साविक माझकोट गा.वि.स. ८ हाल भिमाद न.पा वडा नं ३ बस्ने भारतीय भु.सै.नं. ५२४५२२० P, दर्जा नायक, पल्टन २/३ जि.आर. का यम बहादुर आलेको भारतीय सैनिक अभिलेखमा श्रीमतीको नाम थर पवित्रा कुमारी आले, जन्म मिति सन् 22 nov 1970 (वि.सं. २०२७/०८/०७) भएको र नागरिकतामा नाम थर पवित्र कुमारी सिंह ठकुरी र जन्म मिति २०२७/०८/०८ गते (सन् 1970 nov 23) भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी भिमाद न.पा वडा नं ३ को वडा कार्यालयको च.नं. ७३२ मिति २०८३/०३/२५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**

## एउटै व्यक्ति भएको सूचना



पर्वत जिल्ला फलेवास नगरपालिका वडा नं. ८ साविक ठानामौला गा.वि.स. ३ बस्ने ३९ जि.आर. भारतीय भु.पु. सेना नं. जे.सी. ६२९७६३W सु.मे.ह. क्या. युवराज क्षेत्री (नेपाली नागरिकता प्रमाणपत्रमा नामथर युवराज के.सी.) को श्रीमती पुर्ण कुमारी के.सी. को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर पूर्ण कुमारी के.सी. जन्म मिति २०२५/०८/०७ उल्लेख भएको तर श्रीमानको भारतीय पेन्सन अभिलेखमा निजको नामथर पुना कुमारी, जन्म मिति २०२२/०४/२१ (ई.सं. ५ अगस्ट १९६५) उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र भारतीय पेन्सन अभिलेखमा नामथर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति एउटै भएको भनी फलेवास नगरपालिका ८ नं. वडा कार्यालय पर्वतको च.नं. ५९० मिति २०८३/०३/२२ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत**

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला हिस्तान गा.वि.स. वडा नं. १ बस्ने भारतीय सेनाको भू.पू. सैनिक नं. ५७४९१७० का श्री हर्क बहादुर पुनको श्रीमती चिनमया पुनको नेपाली नागरिकताको प्रमाण-पत्रमा नामथर चिनमया पुर्जा, जन्ममिति बि.सं. २०१५।०३।०२ तद्अनुसार सन् १९५८।०६।१६ उल्लेख भएको र आर्मी रेकर्ड/डिस्चार्ज सर्टिफिकेट/पेन्सन पट्टामा नामथर चिनमया पुन, जन्ममिति बि.सं. २०१६।१०।२४ सन् ०७।०२।१९६० उल्लेख भै नामथर र जन्ममिति फरक परेता पनि निज व्यक्ति एउटै भएको भनि सम्बन्धित हिस्तान गा.वि.स.को कार्यालयको च.नं. ६७ मिति २०७३।०८।२२ को पत्रबाट लेखि आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय, म्याग्दी**

# कृषि उद्यम गर्ने युवालाई कृषि ऋणमा ब्याज अनुदान

पोखरापत्र संवाददाता

पोखरा, ७ साउन

वैदेशिक रोजगारीबाट गाउँ फर्केर कृषि उद्यम सञ्चालन गर्ने युवालाई गण्डकी प्रदेश सरकारले कृषि ऋणमा ब्याज अनुदान दिने भएको छ ।

प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले चालु आवका लागि घोषणा गरेको 'रिटर्न टु भिलेज' कार्यक्रमअन्तर्गत युवालाई कृषि ऋणमा ब्याज अनुदान उपलब्ध गराउन लागिएको हो । कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री भीमबहादुर कार्कीले पदबहाली गरेको सय दिन पुगेका अवसरमा बिहीबार पोखरामा आयोजित पत्रकार भेटघाटमा मन्त्रालयका सचिव डा प्रेरणा सेढाईं भट्टराईले उक्त कार्यक्रमका लागि रु दुई करोड बजेट विनियोजन गरिएको जानकारी दिनुभयो ।

"युवालाई कृषि उद्यममा प्रोत्साहित गर्न मन्त्रीज्यूकै सोचअनुसार यो कार्यक्रम ल्याइएको हो", उहाँले भन्नुभयो, "वैदेशिक रोजगारीबाट र स्वदेशमै पनि सहरदेखि गाउँ फर्केर कृषि उद्यम गर्न चाहाने युवाले ऋणमा ब्याज अनुदान पाउनुहुन्छ ।" मन्त्री कार्कीले कृषिमा युवाहरूलाई आकर्षित गर्न र गाउँमै रोजगारी सृजनामा टेवा पुऱ्याउन 'रिटर्न टु भिलेज' कार्यक्रम सञ्चालन गर्न लागिएको बताउनुभयो । उहाँले कृषि उत्पादन वृद्धि र बजारीकरणका लागि मन्त्रालयले किसानलाई सघाउँदै आएको बताउनुभयो ।

मन्त्रालयले चालु आवमा 'कृषि एम्बुलेन्स सहयोग कार्यक्रम'का लागि रु एक करोड बजेट छुट्याइएको छ । यस्तै जैविक मलमा अनुदान र उत्पादन प्रोत्साहनका लागि रु दुई करोड ६० लाख बजेट विनियोजन गरिएको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।